जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०
# नवीन साप्ताहिक
म.नि.हु.का.द.नं. ६/०६४/०६५

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं

हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।

वर्ष ४२ अंक ९ २०८० साल असोज ७ गते आइतवार (24 Sep 2023 Sunday) मूल्य रु. ७/-

*यस अंक भित्र* – पृष्ठ २ मा : नेपालमा प्रजनन् स्वास्थ्य : ... पृष्ठ ३ मा : दलीय राजनीतिको चक्रव्यूहमा ... पृष्ठ ४ मा : छिन्नमस्ता गाउँपालिका ... पृष्ठ ५ मा : खेलकुदको माध्यमबाट ...

## रगतको चरम अभाव भएपछि रक्तदान



**राजविराज**/रगतको अभावले उपचारका लागि आउने बिरामीहरुले समस्या भोगिरहेका बेला यहाँ प्रहरी निकायबाट रक्तदान कार्यक्रमको आयोजना गरि समस्या न्युनिकरणको प्रयास गरिएको छ।

सशस्त्र प्रहरी बल नेपाल दन्तकालि विशेष कार्य तालिम शिक्षालय बरमझिया सप्तरीले शनिबार रक्तदान कार्यक्रमको आयोजना गरि यस्तो प्रयास गरेका हुन्।

स्थानीय गजेन्द्र नारायण सिंह अस्पताल हाताभित्र रेडक्रस सोसायटी शाखा सप्तरीद्वारा संचालित जिल्लाकै एक मात्र रक्तसंचार केन्द्रमा रगतको अभाव भएको खबर प्राप्त भएपछि सशस्त्र प्रहरी बल नेपाल दन्तकालि विशेष कार्यतालिम शिक्षालयको २१औं वार्षिक स्थापना दिवसको अवसर पारेर रक्तदान कार्यक्रमको आयोजना गरिएको सशस्त्र प्रहरी बरिष्ठ उपरिक्षक दिग्गबिजय सुवेदीले बताए।

स्थापना दिवस १० असोजमा परे पनि रक्तसंचार केन्द्रमा रगतको अभाव सृजना भएकाले केही दिन अगावै कार्यालय परिसरमै रक्तदान कार्यक्रम गरि संकलित रगत केन्द्रलाई जिम्मा लगाइएको सशस्त्र प्रहरी वरिष्ठ उपरिक्षक सुवेदीले जानकारी दिए।

सो अवसरमा उनले रक्तदान महादान भएको र रक्तसंचार केन्द्रमा भण्डारण क्षमता बढाउन तथा रगतको अभावमा कोही पनि बिरामीको मृत्यु हुन नदिन स्थापना दिवसमा रक्तदान कार्यक्रम रोजेको बताए। कार्यक्रममा उनीसहित सशस्त्र प्रहरीका ३१ जनाले ३१ युनिट रक्तदान गरेका छन्।

केन्द्रमा माग अनुसार रगत नपाउँदा बिरामीका आफन्त दाताको खोजिमा भौतारिनु पर्ने अवस्था रहेका बेला सशस्त्र प्रहरीले सेवाभावले रक्तदान कार्यक्रमको आयोजना गरि ठूलो सहयोग गरेको रक्तसंचार केन्द्र राजविराजका इन्चार्ज नविन झाले बताए।

"यहाँस्थित गजेन्द्र नारायण सिंह अस्पताल, छिन्नमस्ता अस्पताल, अनार भुवनेश्वर अस्पताल, युनिक अस्पतालमा आसपासका पालिका र जिल्ला बाहिरका समेत दैनिक सय भन्दा बढी उपचारका लागि बिरामी आउने गरेका छन्। जसका लागि रगतको पनि उत्तिकै आवश्यकता पर्ने गरेको छ, इन्चार्ज झाले भने-तर रगतको अभाव हुँदा कतिपय अत्यावश्यक शल्यक्रिया समेत समयमा गर्न कठिन हुने गरेको छ।"

उनले जिल्लाका विभिन्न अस्पतालबाट दैनिक शल्यक्रिया तथा अन्य उपचारका लागि रगतको माग हुने गरेको तर, रगतको अभावले गर्दा रगत चाहिने बिरामीका आफन्त स्वयम दिने व्यक्ति सँगै लिएर आउनु पर्ने बाध्यता रहेको सुनाए।

रगतको अभाव हुँदा सुनसरी र मोरङ सम्मबाट रगत मगाएर मागको आपूर्ती गराउँदै आएकोमा हाल उताका केन्द्रमा पनि रगतको अभाव भएकाले समस्या भएको उनको भनाई छ। नागरिक तहसम्म रगतको महत्वका बारेमा बुझाएर उत्प्रेरणा नदिएसम्म रगतको अभाव घटाउन कठिन हुने जानकारहरुको भनाई छ।

## शिक्षक महासंघको आन्दोलन फिर्ता

**राजविराज**/संसदमा दर्ता भएको विद्यालय शिक्षा विधेयक संशोधन गर्न सरकार सहमत भएपछि ६ बुँदे सहमतिसँगै नेपाल शिक्षक महासंघको आन्दोलन फिर्ता भएको छ।

शिक्षक महासंघको आह्वानमा शिक्षकहरुले १७ बुँदे माग राख्दै बिहीबारदेखि काठमाडौंमा प्रदर्शन थालेका थिए। शिक्षकहरु आन्दोलनमा आएपछि अधिकांश सामुदायिक विद्यालयको पठनपाठन प्रभावित भएको थियो।

शिक्षकहरुले चर्को विरोध गरेको कारबाहीको अधिकार स्थानीय तहलाई दिने व्यवस्था पुनरावलोकन गर्ने सहमति भएको छ। शिक्षकहरुले यो अधिकार प्रदेशलाई दिनुपर्ने माग गरेका थिए, सरकारले भने संसदीय प्रकृयाबाट सम्बोधन गर्ने प्रतिवद्धता जनाएको छ।

सरकार र शिक्षक महासंघबीच भएको ६ बुँदे सहमतिमा संसदमा दर्ता भएको विद्यालय शिक्षक विधेयक, यसको नियमावलीमा समावेश गर्ने विषयहरुमा सहमति जुटेको छ।

यसबाहेक सार्वजनिक विद्यालयमा अध्यापनरत शिक्षकको मर्यादाक्रम कायम गर्ने, शिक्षा नियमावलीअनुसार पाइरहेको उपचार खर्चसम्बन्धी व्यवस्थालाई विधेयकमा समेट्ने पनि सहमति भएको छ।

यस्तै संसदमा दर्ता भएको विधेयकमा भएका कतिपय व्यवस्थालाई त्यहाबाट हटाएर नियमावलीमा राख्ने सहमति भएको छ। विधेयकमा कार्यसम्पादन मूल्यांकनको अधिकार स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतलाई दिइएको थियो, अहिले शिक्षकको हकमा प्रधानाध्याक र प्रधानाध्यापकको हकमा विद्यालय व्यवस्थापन समितिका संयोजकत्वमा तीन सदस्यीय समिति बनाउने सहमति भएको छ।

## पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप असोज १० गतेसम्म

**काठमाडौं**/किशोरीलाई लगाइने पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप 'एचपिभी' अभियानको समय पाँच दिन थप गरिएको छ। असोज ५ गतेसम्म सञ्चालन गर्ने भनिएको खोप अभियान पाँच दिन थप गरी असोज १० गतेसम्म सञ्चालन हुने भएको हो।

स्वास्थ्य सेवा विभागअन्तर्गत परिवार कल्याण महाशाखाको बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा अभियान गौतमले शैक्षिक हडताल, संविधान दिवसलगायत कारणले लगातार बिदा परेकाले खोप लगाउने समय थप गरिएको जानकारी दिए। उनका अनुसार यसअघि पनि बिदा परेकाले विद्यार्थी खोप लगाउन नआएपछि पाँच दिन थप गरिएको थियो।

डा गौतमका अनुसार अहिलेसम्म ६४.४३ किशोरीले मात्र एचपिभी खोप लगाएका छन्। सरकारले पाठेघरको मुखमा हुने क्यान्सर विरुद्धको खोप 'एचपिभी' नौ हजार नौ सय ९९ किशोरीलाई लगाउने लक्ष्य राखेकामा अहिलेसम्म छ हजार चार सय ४२ किशोरीले खोप लगाइसकेका उनले जानकारी दिए।

कोशी प्रदेशका सबै किशोरीले खोप लगाइसकेका छन भने मधेस प्रदेशको वीरञ्गाजस्थित नारायणी अस्पतालमा एक हजार दुई सय ७२, बागमती प्रदेशको परोपकार प्रसुति तथा स्त्री रोग अस्पतालमा आठ सय २५, गण्डकी प्रदेशको गण्डकी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा आठ सय ५९, लुम्बिनी प्रदेशको भेरी अस्पताल बाँकेमा चार सय ८९, कर्णाली प्रदेशको प्रादेशिक अस्पताल सुर्खेत सात सय ८५ र सुदूरपश्चिम प्रदेशको डडेल्धुरा अस्पतालमामा एक सय ९३ जना किशोरीले एचपिभी खोप लगाइसकेका खोप शाखाका प्रमुख डा गौतमले जानकारी दिए।

*बाँकी अन्तिम पृष्ठमा*

## सप्तरीका डा. गुप्तासहित ११ जना "नेपाल प्रविधि विद्याभूषण" बाट विभुषित

**राजविराज**/नेपाल सरकारले विज्ञान तथा प्रविधिमा विकास गर्न महत्वपूर्ण योगदान पु¥याएका सप्तरीका डा. दिपककुमार गुप्तासहित ११ जनालाई पहिलो पटक "नेपाल प्रविधि विद्याभूषण" बाट विभुषित गरेको छ।

सप्तरीका डा. दिपककुमार गुप्ताले (रसायनशास्त्र विभाग त्रि-चन्द्र क्याम्पसका उप-प्राध्यापक) हुन्। उनले "त्रिभुवन विश्वविद्यालय विज्ञान तथा प्रविधि अध्ययन संस्थानबाट प्रिपेरेशन, क्यारेक्टराइजेशन एण्ड मोडिफिकेशन अफ पोल्यानिलाइन बेस्ड कोटिङ फर कोरोजन प्रोटेक्शन अफ एक्टिभ मेटल्स" शोध शीर्षकमा विद्यावारिधी गरेका छन्। उनले प्रा.डा. अमरप्रसाद यादवको सुपरिवेक्षणमा सो शोधकार्य गरेका हुन्।

यस्तै उनीसँगै मन्दिप सुवेदी, राजन रेग्मी, अविरल न्यौपाने, कृतना भण्डारी, इन्द्र प्रसाद सुवेदी, ऋषव पण्डित, प्रशंसा पाण्डे, बृजकुमार यादव, जुकेल श्रेष्ठ र गणेश गौतमले सो विद्याभूषणबाट विभुषित भएका हुन्।

लम्पी स्किन रोगबाट बचाउने उपायहरु

पशुमा लाग्ने लम्पी स्किन रोगबाट बचाउन:

- झिँगा, लामखुट्टे, किर्ना, भुसुना जस्ता टोक्ने वा रगत चुस्ने किराहरुको नियन्त्रण गरौं।
- तीन मुहिना भन्दा बढी उमेर समुहका पशुलाई लम्पी स्किन विरुद्धको खोप बर्षेनी लगाऔं।
- गोठ सफा राखी नियमित फिनेल पानी छर्कने गरौं।
- रोगी पशुलाई सामुहिक चरन/खर्क/आहालमा नलैजाऔं।
- संक्रमित क्षेत्रका पशुको ओसारपसार नगरौं।
- अन्यत्रबाट ल्याईएको पशुलाई कम्तिमा २८ दिन अलग्गै राखौं।
- मरेका पशु र लसपस भएको सोत्तरलाई गहिरो खाडलमा पुरौं।
- पशुचिकित्सकसँग परामर्श गरी लम्पी स्कीन रोग विरुद्ध खोप लगाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

डेँगुबाट बचौं

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

*यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।*

शम्भुनाथ नगरपालिकाको कार्यालय, कठौना, सप्तरी

## सम्पादकीय

### अस्पतालमा सुधार आवश्यक

राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा दक्ष चिकित्सकको अभावमा सेवा प्रभावित हुदै आएको छ। विभिन्न आधुनिक उपकरणहरु रहेपनि यहाँ भरपर्दो सेवाको अभाव छ। यहाँ निर्धक्क साथ उपचार गराउन बिरामीहरु आलटाल गर्ने गरेका छन्। विगतमा रेफरल सेन्टरका रुपमा चिनिदै आएको यो अस्पताल केही वर्ष यस छबिलाई सुधारेको थियो। तर, अहिले पुनः पुरानै अवस्थामा पुगेको छ।

सप्तरीको स्वास्थ्य सेवाको अवस्थामा गुणात्मक रुपमा कमजोर रहेपनि यसमा सुधारको अवस्था प्रसस्त रहेको छ। विगत तीन वर्षअघि यस अस्पताल सुधारोन्मुख अवस्थामा पुगेको थियो। यहाँ दक्ष चिकित्सकका साथै सेवा पनि गुणस्तरिय थियो। तर, अहिले पुन यस अस्पतालको सेवा खस्किदो छ। यस बाहेक जिल्लामा अहिले पनि गुणस्तरिय स्वास्थ्य सेवाको अभाव रहेको छ। विभिन्न जटिल रोगहरुको उपचार यस जिल्लामा सम्भव छैन्। अन्य प्राइभेट अस्पतालहरुले पनि गुणस्तरीय सेवा दिन तत्परता देखाएपनि अधिकत्तम उपलब्धी हासिल गरेको अवस्था छैन्। अहिले पनि धरान, विराटनगर, काठमाडौं देखि भारतका विभिन्न अस्पतालसम्म बिरामीहरु पुग्ने गरेका छन्।

अस्पताल प्रशासनले दक्ष चिकित्सकहरुलाई परिचालन गरेर यसलाई सुधार गर्नुका साथै मानिसहरुले आफ्नो मानसिकतामा परिवर्तन गर्नु पनि उत्तिकै जरुरी छ। अनि मात्र यहाँको स्वास्थ्य क्षेत्रले फड्को मार्ने कुरामा दुईमत नहोला तसर्थ समग्र रुपमा यस अस्पतालका साथै जिल्लाको सम्पूर्ण स्वास्थ्य सेवामा सुधारको आवश्यकता रहेको छ।

# नेपालमा प्रजनन् स्वास्थ्य : उपलब्धि र चुनौती



योङ्ग होङ्ग

जन- केन्द्रित जनसङ्ख्या र विकासका नीति एवं एजेन्डाहरू तय गर्न, विविध सरोकारवालाहरू बीचको सहकार्य बढाउन, नेपालको बदलिँदो जनसांख्यिक गतिशीलताका बीचमा नीतिगत प्राथमिकताहरू पहिचान गर्न र जनसंख्या तथा विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनका कार्ययोजनाको कार्यन्वयनमा नेपालको प्रतिबद्धतालाई आत्मसाथ गर्दै नेपाल सरकारको राष्ट्रिय जनसंख्या नीतिको पुनरावलोकन र १६औं योजनाको तयारी गर्न जनसंख्या र विकाससम्बन्धी राष्ट्रिय सम्मेलनले ठूलो महत्त्व रहेको छ ।

सन् १९९४ मा १७९ सरकारहरूद्वारा अनुमोदन गरिएको इन्टरनेसनल कन्फ्रेन्स अन पपुलेसन एन्ड डेभलपमेन्ट (आईसीपीडी)का कार्ययोजनाले यस्तो संसारको परिकल्पना गर्यो जहाँ महिला अधिकार र छनौटका अवसरहरूद्वारा जनसंख्या र विकासका नीतिहरूमा केन्द्रीय भूमिका खेल्छन्। यसले लैङ्गिक समानता हासिल गर्नका लागि सामाजिक र आर्थिक सशक्तिकरणको लागि निर्णायक भूमिका खेल्नुका साथै यौन तथा प्रजनन स्वास्थ्यसँग सम्बन्धीत हस्तक्षेपहरूको महत्त्वलाई समेत जोड दिएको छ। आईसीपीडीको ३०औं वार्षिकोत्सव मनाउने क्रममा, हामी यी प्रतिबद्धताहरूलाई पुनः पुष्टि गर्न र यौन तथा प्रजनन् स्वास्थ्य र अधिकारहरूको लागि प्रगतिशील बाटोको निर्माण गर्नको लागि एक महत्वपूर्ण मोडमा उभिएका छौं।

सन् १९९४ मा आईसीपीडी कार्ययोजना अपनाएदेखि नेपालले उल्लेखनीय प्रगति गरेको छ।

– २०२१ को जनगणना अनुसार सन् २००६ र २०२१ को बीचमा प्रति १०,००,००० जीवित जन्ममा मातृ मृत्यु दर २८१ बाट घटेर १५१ पुगेको छ। यसले मातृ मृत्युदर अनुपातमा उल्लेखनीय कमी भएको देखाउँछ।

– आधुनिक गर्भनिरोधकको प्रयोग सन् १९९६ मा २६ प्रतिशतबाट बढेर ४३ प्रतिशतमा पुगेको छ भने किशोरी प्रजनन् दर १२७ बाट ७१ मा घटेको छ। त्यसैगरी सन् १९९६ र २०२२ बीच कुल प्रजनन दर ४.६ बाट २.१ मा घटेको छ।

– नेपालले महिला, बालिका र युवाहरूको मानवअधिकार, विशेष गरी यौन र प्रजनन स्वास्थ्य र अधिकारको क्षेत्रमा समर्थन गर्न प्रगतिशील कानून र नीतिहरू लागू गर्नमा उल्लेखनीय प्रगति गरेको छ।

– १९९४ कायरोमा भएको जनसंख्या र विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनका दूरदर्शी लक्ष्यहरू र २०१९ मा नैरोबीमा पुनः जाहेर गरिएका प्रतिबद्धताहरू पूरा गर्नका लागि नेपाल सरकारको समर्पित प्रयासहरूको यूएनएफपीए प्रशंसा गर्दछ। यद्यपि, अझै पनि कैयौँ चुनौतीहरु विद्यमान छन्।

– नेपालमा हरेक दिन २ जना महिलाले प्रसूतिको क्रममा ज्यान गुमाउने गरेका छन्। यसले उनीहरुको परिवार र सम्पूर्ण समुदायलाई समेत ठूलो नोक्सान र क्षति पुर्याउने गरेको छ। मातृ मृत्युको प्रभाव व्यक्तिमा मात्र सीमित नभई यसको दूरगामी प्रभाव हुने गर्छ। यसले सम्पूर्ण समाजको हित र कल्याणलाई असर गर्नुका साथै यसका महत्त्वपूर्ण आर्थिक र सामाजिक परिणामहरू पनि छन्। जब आमाको मृत्यु हुन्छ, परिवारहरूले हेरचाहकर्ता मात्र गुमाउँदैनन्, पालन पोषण गर्ने, रोजगारी कमाउने र समग्रमा परिवारको 'रोल मोडल' नै गुमाउँछन्, जसले बच्चाहरूको लागि अन्तर-पुस्ता गरिबी, कुपोषण र खराब स्वास्थ्य जस्ता परिणामहरू निम्त्याउन सक्छ।

– बालविवाह अझै पनि कायम छ, २०-२४ वर्ष उमेर समूहका पाँच मध्ये एक महिलाले १८ वर्षको उमेरमा पुग्नु अघिनै विवाह गर्ने गरेका छन् भने २०२१ को तथ्याङ्क अनुसार प्रत्येक दस किशोर-किशोरीहरूमध्ये एक (१४%) आमा भइसकेका छन्।

– १८ लाख प्रजनन उमेरका विवाहित महिलाहरूको परिवार नियोजन सेवाहरूमा पहुँच पुग्न सकेको छैन, र कम्तिमा चार मध्ये एक (२६%) विवाहित महिलाहरूले आफ्नो पतिद्वारा शारीरिक, यौन वा भावनात्मक हिंसा भोगेका छन्। यस्तो हिंसा भोग्ने ६६ प्रतिशत महिलाले पितृसत्तात्मक मान्यता, कलंक र संरचनागत अवरोधका कारण सहयोग खोज्दैनन्।

– सन् २०११ र २०२१ को बीचमा नवशिशुमा लैङ्गिक अनुपात १०७ बाट बढेर ११४ पुगेको छ। जैविक मापदण्डभन्दा बाहिर छोराहरूको सङ्ख्या अझै पनि छोरीहरूको भन्दा बढि छ; विशेष गरी मधेस (११८) र सुदूरपश्चिम (११६) मा लैङ्गिक अनुपात चिन्ताको विषय बनेको छ।

हामीले बिर्सन नहुने कुरा के हो भने यी केवल तथ्याङ्कहरू मात्र होइनन्, यी भन्दा माथि वास्तविक जीवन, सपना र आकांक्षाहरू छन्। यी तथ्याङ्कहरूले अधूरा सपनाहरू, खेर गएका सम्भावनाहरू र हराएका अवसरहरूका कथाहरूलाई प्रतिनिधित्व गर्छन्। हामीले कल्पना गरेको समृद्ध नेपालका लागि हाम्रो दूरदृष्टि टाढाको सपनामा सिमित हुनुहुँदैन। हामीले यसलाई साझा विश्वास र दृढ प्रतिबद्धतामा परिणत गर्नुपर्छ। आईसीपीडीमा अभिव्यक्त गरिएका लक्ष्यहरू प्राप्त गर्ने मार्ग हाम्रो राजनीतिक इच्छा शक्तिको प्रयोग र सरकारको सामूहिक शक्तिलाई आकर्षित गर्दै गरिने हाम्रो समन्वयात्मक र एकीकृत प्रयासहरूमा निर्भर छन्।

नेपालले महत्वपूर्ण जनसांख्यिक परिवर्तनहरूको पनि सामना गरिरहेको छ। एकातिर युवाहरूको संख्यामा वृद्धिले आर्थिक अवसरहरूको सम्भावना प्रस्तुत गरेको छ भने अर्कातिर यसले उच्च शहरी जीवनमा लागत बढाएको छ। सामूहिक बसाइ- सराइ, वृद्धावस्था, र ग्रामीण क्षेत्र विकासका क्षेत्रमा चुनौतीहरू पनि खडा गरेको छ। साथै, आज नेपालले कोभिड-१९ का सामाजिक-आर्थिक प्रभावहरूका साथै आर्थिक अस्थिरता, र २०२६ मा अति-कम विकसित राष्ट्रहरूको समूहबाट स्तरोन्नति सम्बन्धीत विविध चुनौतीहरूको सामना गरिरहेको छ। नेपालले आफ्नो १६औं विकास योजना तयार गर्दै गर्दा नीति निर्माताहरूले यी बहुआयामिकर बिषयहरु र चुनौतीहरूलाई पनि सम्बोधन गर्नुपर्ने देखिन्छ।

जनसङ्ख्याको बिषयले तथ्यांकमा मात्र सीमित नभई मानवीय सम्वेदनशीलतासँग प्रत्यक्ष सम्बन्ध राख्ने तथ्यमा यूएनएफपीए विश्वस्त छ। यूएनएफपीएले जनसांख्यिक गतिशीलता व्यक्तिगत छनौट र अवसरहरूको परिणाम हो र लैङ्गिक समानता एवं विकासका लागि यौन तथा प्रजनन स्वास्थ्य र अधिकारहरू अपरिहार्य हुन् भन्ने मान्यता राख्दछ। दिगो विकासका लागि जनसांख्यिक गतिशीलताका अवसरहरू सदुपयोग गर्न, हामीले मानव अधिकारमा आधारित लैङ्गिक-उत्तरदायी नीतिहरू अपनाएर जनताको छनौटको अवसर, स्रोत, सिर्जनशीलता र अनुकुलन विस्तार गर्न निरन्तर काम गरिरहनुपर्छ।

तीनवटा महत्त्वपूर्ण शून्यहरू; परिवार नियोजनका साधनहरूको मागमा शून्य अपरिपूरितता, शून्य रोकथाम गर्न सकिने मातृ मृत्यु र शून्य लैङ्गिक हिंसा र हानिकारक अभ्यासहरू जुन नेपाल सरकारले जनसंख्या र विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा व्यक्त गरेका प्रतिबद्धता र यूएनएफपीएका रुपान्तरणकारी परिणामहरू हासिल गर्ने हाम्रो प्रतिबद्धतालाई जोड दिन्छ। यौन र प्रजनन स्वास्थ्य र अधिकारहरूमा बढ्दो लगानीको वकालत गरेर, हाम्रो तथ्यांक संकलन प्रयासहरूलाई सुदृढ पार्न, प्रजनन् स्वास्थ्यको अभियानलाई नेतृत्व गर्न र लैङ्गिक- हिंसा अन्त्य गर्न सहयोगीको रूपमा पुरुष र केटाहरूलाई संलग्न गराउने, जस्ता प्रयासहरूको माध्यमबाट परिवर्तनको लागि पहल गर्ने शक्ति हामी भित्र छ।

अन्तमा, हामीले २०२४ मा आईसीपीडीको ३०औं वार्षिकोत्सव मनाउने क्रममा, यो हाम्रो आर्थिक सामाजिक उत्थान गर्न र महिला र किशोरीहरूलाई पछाडि पार्ने हरेक अवरोधलाई तोड्न हाम्रो आवाज, स्रोत र विवेकलाई संयोजन गर्ने अवसर हो। यी प्रयासहरुमा यूएनएफपीए नेपाल सरकार र नागरिक समाज साझेदारहरूको साथमा उभिएको छ। साथै, आईसीपीडीका प्रतिबद्धताहरू र २०३० परिवर्तनकारी एजेन्डा प्राप्त गर्नका लागि हुने हरेक प्रयासहरूमा साथ, सहयोग र समर्थन गर्न यूएनएफपीए सदा प्रतिबद्ध रहने छ भन्ने अठोट पनि व्यक्त गर्न चाहन्छु। (यूएनफपीएकी नेपाल प्रतिनिधि होङ्गले जनसंख्या र विकास सम्मेलनमा व्यक्त गरेको धारणा) स्वास्थ्य खबरबाट


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# दलीय राजनीतिको चक्रव्यूहमा नेपालको शिक्षा



**लालबहादुर बोहरा**

नेपाल सरकारले केही दिनअगाडि मात्र वर्षौं लामो प्रयासपछि विद्यालय तहको शिक्षा ऐन निर्माणका लागि विधेयक तयार पारेर सदनमा दर्ता गराएको छ। अब प्रतिनिधि सभा र राष्ट्रिय सभामा दफावार छलफलपछि सम्भवतः उक्त विधेयक पारित भई ऐनका रूपमा लागू हुनेछ। त्यसो हुन गएमा झण्डै पाँच दशक लामो समयसम्म विद्यमान रहेको शिक्षा ऐन २०२८ प्रतिस्थापित भई नयाँ शिक्षा ऐन लागू हुनेछ। तर उक्त विधेयकको ड्राफ्ट कपी सार्वजनिक भएपछि त्यससँग प्रत्यक्ष परोक्ष सरोकार राख्ने शिक्षक सङ्घ सङ्गठन, शिक्षक तथा कर्मचारी, शिक्षाविद्, आदिले मिश्रित खालका प्रतिक्रिया व्यक्त गरेका छन्।

शिक्षकहरूको साझा संस्था शिक्षक महासङ्घले त विधिवत् रूपमै विधेयक परिमार्जनको माग राख्दै आन्दोलन सुरु गरिसकेको छ। अन्य सङ्घ सङ्गठनहरूले समेत क्रमशः आफ्ना असन्तुष्टि सार्वजनिक गर्दै आन्दोलनमा जाने निर्णय गरेका छन्। आखिर उक्त विधेयकउपर सदनहरूमा के-कसरी छलफल अगाडि बढ्ला? सञ्चार माध्यममा जस्तै के सङ्घ सङ्गठनलाई विद्यालय नै बन्द गरेर सडकमा जानै पर्ने बाध्यता आइलागेको हो? आजको २१ औं शताब्दीमा नेपालमा विद्यालय शिक्षाको अवस्था, राजनीतिक हस्तक्षेप तथा पेसागत कर्तव्य र अधिकारका सम्बन्धमा सरोकारवाला पक्ष र राज्यका निकायहरूको गति, यति र गतिविधि के कस्तो छ? यस्तै सवालमा यो लेख केन्द्रित छ।

शिक्षण अन्य पेसाको जननी हो। राजनीति, कर्मचारीतन्त्र, पत्रकारिता, कूटनीति, कानुन व्यवसायलगायतका पेसागत गुणस्तर देशमा रहेको शिक्षा नीति र शिक्षण पेसाप्रति राज्यको हेर्ने दृष्टिकोणमा भर पर्छ। यही दृष्टान्तलाई मध्यनजर गरी अन्तर्राष्ट्रिय विभूति नेल्सन मन्डेलाले भनेका छन्, "कुनै देशलाई पूर्ण रूपमा ध्वस्त पार्नु छ भने त्यो देशको शिक्षा नीति बिगारिदिए पुग्छ, थप केही गर्नै पर्दैन"। विकसित देशहरूले शिक्षण पेसाको महत्त्व बेलैमा बुझे। मेधावी र उत्कृष्ट विद्यार्थीहरूको उच्च शिक्षाको पहिलो रोजाइ नै शिक्षण पेसालाई बनाउन तमाम प्रयास गरे। शिक्षण पेसालाई दलीय राजनीतिको अनावश्यक हस्तक्षेपबाट टाढै राख्ने प्रयास गरे।

समयानुकूल नीतिगत परिवर्तनका माध्यमबाट शिक्षण पेसालाई नवीनता, प्रविधि तथा खोज अनुसन्धानसँग जोड्दै थप मजबुत बनाउँदै लगे। राज्यको सम्पूर्ण अर्थतन्त्रको झण्डै २० प्रतिशतभन्दा बढी लगानी शिक्षा क्षेत्रमै गर्ने नीतिगत व्यवस्था गरे। यसरी राज्यको दक्ष जनशक्ति नै शिक्षा क्षेत्रमा प्रवेश गर्दा नीतिहरू राम्रा बन्दै गए, प्रशासनिक निकायहरूले तिनको प्रभावकारी कार्यान्वयनमा मात्र ध्यान दिए तथा विद्यालय तहदेखि विश्वविद्यालयसम्मै अध्यापन गराउने शिक्षकहरू योग्यता, विज्ञता तथा दक्षताका आधारमा उच्च श्रेणीका भएका कारण कक्षा शिक्षण लोभलाग्दो र प्रभावकारी त हुने नै भयो। परिणाम स्वरूप त्यस्ता कक्षाहरूबाट उत्पादित जनशक्ति जस्तै शिक्षक, कर्मचारी, चिकित्सक, कानुन व्यवसायी, वैज्ञानिक, राजनीतिज्ञ तथा अन्य पेसा व्यवसायीहरू दक्ष हुने नै भए, हैन र? निःसन्देह दक्षतायुक्त पेसाकर्मीहरू राज्यका हरेक निकायमा कार्यरत भए सेवा प्रवाह पनि प्रभावकारी हुने निश्चित छ। त्यसैले अमेरिका, बेलायत, स्विजरल्यान्ड, स्विडेन, हङकङ, जापान, दक्षिण कोरिया लगायतका देशभन्दा अत्याधुनिक र विकसित कहलिएका छन्। हाम्रो देशले पनि चाहेजस्तो शैक्षिक विकासको बाटोमा कहिले यात्रागमन गर्ला? यहाँका राजनीतिक दलको समग्र शिक्षा क्षेत्र अनि शिक्षण पेसाप्रति हेर्ने दृष्टिकोण र गर्ने व्यवहारमा कहिले आमूल परिवर्तन आउला? साँच्चिकै गम्भीर चासो र चिन्ताको कुरा भएको छ।

प्रथमतः हाम्रो शैक्षिक विकासले औपचारिक यात्रा थालेको झण्डै १७० वर्ष भएछ। हाम्रो समाजको समग्र विकासक्रम आजसम्म जे जति भएको छ, त्यसको प्रमुख श्रेय नै यहाँको विद्यमान शैक्षिक अवस्था र व्यवस्थापनलाई जान्छ।

अन्य देशको तुलनामा हाम्रो विकास र समृद्धिको यात्रा निकै धिमा र पश्चगामी छ। विकास र समृद्धि मानवीय चेतनासँग जोडिएको हुन्छ। मानवीय चेतनाको विकास शिक्षा (सिकाइ) बाट मात्र सम्भव छ। हो यहीँनेर छ हाम्रो मूल समस्या। हामी ठूलाठूला विकास र समृद्धिका कुरा गर्छौं तर चेतनाको विकासको मूल स्रोत नै शैक्षिक विकास हो भन्ने जान्दाजान्दै त्यसप्रतिको दृष्टिकोण र बुझाइमा लघुताभास छ। अन्य पेसाको जननी मानिने शिक्षण पेसालाई राज्यले नै उपेक्षा गरेको छ।

त्यसैमा राजनीतिक दलहरूले त यसलाई राजनीतिको क्रीडा स्थल बनाउँदै आएका छन्। ट्रेड युनियनका नाममा दलैपिच्छेका शिक्षक सङ्घ सङ्गठन छन्। शिक्षक कर्मचारीको हक अधिकारको सवाल भजाउँदै ती संस्थाहरूले राजनीतिक दलहरूका अभीष्ट पूरा गर्ने बिनाय केही गर्दैनन्। त्यति मात्र हैन राजनीतिक दलहरूले चेतना प्रवाहका लागि भन्दै स्कुले विद्यार्थीहरूलाई बालभ्रातृ सङ्घ सङ्गठन तथा उच्च तहकालाई विद्यार्थी युनियनमा आबद्ध गराएर अर्को ताण्डव नाच प्रहसन गर्दै आएका छन्। समुदायमा बस्ने अभिभावकसमेत नागरिक भूमिकाभन्दा बढी राजनीतिक दलका कार्यकर्ता झैं भएर उभिन्छन्।

अब सोचौं, हाम्रा शिक्षालयमा कत्तिको स्वच्छन्दता, पारदर्शिता र शैक्षिक वातावरण छ। मलाई लाग्छ, त्यहाँ प्रशासनले शिक्षकलाई, शिक्षकले विद्यार्थीलाई, अभिभावकले प्रशासन र शिक्षकलाई तथा समग्रमा एकले अर्कोलाई राजनीतिक नजरबाट हेर्छन्। व्यवहार गर्छन् र त्यस्तै परे पढाइ र सिकाइमा समेत सौदाबाजी गर्छन्। अपवादका रूपमा त्यहाँ नगण्य मात्रामा चरित्रवान् र विशुद्ध व्यावसायिक चेत भएका शिक्षक कर्मचारी भए पनि तिनलाई हुलमुलमा जिउ जोगाउनै मुस्किल हुन्छ। परिणामस्वरूप त्यस्ता व्यक्तिले पलायन हुनै पर्छ वा ढिलोचाँडो त्यहीं घुलमिल भएर बस्नुपर्ने हुन्छ। यस्तै अराजनीतिक संस्कारका कारण महिनौंसम्म विद्यालयहरूमा तालाबन्दी हुने गर्छ। ज्ञान विज्ञानको आदान प्रदान तथा खोज अनुसन्धान गर्दै गर्विलो परिचय दिनुपर्ने बेलामा हाम्रा शैक्षिक केन्द्रहरूलाई राजनीतिक दलहरूले किन बिगारिरहेका छन्, बुझ्नै सकिएन।

**निर्माणाधीन विद्यालय शिक्षा ऐन**

अहिले विद्यालयहरू पञ्चायतकालीन शिक्षा ऐन २०२८ को परिमार्जित संस्करण अनुसार चलेका छन्। यसलाई विस्थापित गरेर नयाँ शिक्षा ऐन लागू गर्ने भन्दै सुझाव सङ्कलनका लागि पटक पटक आयोगहरू बनाइए। सरोकारवाला सङ्घ सङ्गठन, राजनीतिक दल, संसदीय समिति लगायतले छलफल पनि गरे। परिणाम स्वरूप विद्यालय शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०८० नामक ऐनको मस्यौदा

*बाँकी चार पृष्ठमा*


## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ। विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। नेपालमा कानुनतः विवाह गर्ने उमेर २० वर्ष तोकिएको छ। त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने। अपाङ्गता भएका सन्तान जन्मन सक्ने।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो। तसर्थ बालविवाह नगरौं नगराऔं।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ। यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने व्यक्तिको उमेर निर्धारण गरेको छ। जस अनुसार २० वर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने व्यवस्था गरेको छ। उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ। यसैगरि उपदफा (३) मा कसुर गर्ने व्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ। बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने व्यवस्था कानूनले गरेको छ। तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं। बालविवाह रोक्न आजैदेखि पहल गरौं।

**अनुरोधकर्ता**

**खडक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी**



## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. विद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्याण्डल, चेन भएका व्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान वस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको व्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुर्‍याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : रुपनी गाउँपालिका, सप्तरी**

## *दलीय राजनीतिको ...*

सदनमा दर्ता भएको छ। यसको दर्तासँगै पक्ष र विपक्षमा आवाज क्रमशः सार्वजनिक हुन थालेका छन्। शिक्षक महासङ्घले त यो विधेयक शिक्षण पेसामैत्री नभएको भन्दै आन्दोलन होमिएको छ। अन्य सङ्घ सङ्गठन तथा सरोकारवाला पक्षहरूले समेत आआफ्ना विरोधका आवाज सामाजिक सञ्जालमार्फत बुलन्द गर्न थालेका छन्। झन्डै पाँच दशक लामो समयपछि निर्माण हुन थालेको विद्यालय शिक्षा ऐनका सम्बन्धमा सरोकारवालाहरूले यसरी आफ्ना जिज्ञासा र चासो राख्नु स्वाभाविक हो।

शिक्षाले विगतको इतिहास, वर्तमानको यथार्थता र भविष्यको आकलनसहित सामाजिक तथा सांस्कृतिक यथार्थता, दर्शनशास्त्रीय विचार, राजनीतिक परिवर्तनसँग सम्बन्धित विषयवस्तु समेट्दै जानु पर्छ। त्यसका लागि आवश्यक पर्ने नीति नियमसमेत राज्यपक्षले आवधिक रूपमा समयानुकूल बनाउँदै लानु पर्छ। तर हामीकहाँको राजनीतिक अस्थिरता तथा राज्यको शिक्षाप्रतिको उदासीनताका कारण यी यावत् कुरा प्रायः असम्भव रहे। फलस्वरूप, एउटै विद्यालयभित्र शिक्षकका दर्जनभन्दा बढी प्रकार जन्मिए। शिक्षकका प्रकारसँगै विभेद हाबी भए। राजनीतिक दलहरूको अराजकता दिनप्रतिदिन झाँगिँदै गयो। पढ्ने पढाउने संस्कारभन्दा राजनीतिक गतिविधि विद्यालय हाताभित्र बढ्न थाले। व्याप्त राजनीतिका कारण शिक्षकले पढाउनेभन्दा पनि स्थानीयदेखि केन्द्रका राजनीतिकर्मीहरूको सोझो बनिरहनुपर्ने अवस्था सिर्जना हुँदै गयो।

राज्यले सरकारी कर्मचारीलाई दाता विधाता तथा शिक्षकहरू दिएको खाने (दास)को झैँ व्यवहार गर्दा सेवा सुविधामा समेत ऊँचनीचको व्यवहार देखिँदै गयो। राज्यका यी र यस्तै व्यभिचार सदनमा दर्ता भएको विद्यालय तहको शिक्षा विधेयकमा प्रस्ट झल्किएको कुराप्रति शिक्षासँग सरोकार राख्ने सङ्घ सङ्गठन, शिक्षाविद्, शिक्षक तथा कर्मचारी सशङ्कित छन्। त्यसैले अब बन्ने शिक्षा ऐनले हालसम्म भएका बेथितिहरूको निराकरण गर्दै शिक्षा क्षेत्रलाई एक प्राज्ञिक, गैर राजनीतिक, संस्कारयुक्त, मर्यादित पेसाका रूपमा पदार्पण गर्न सक्ने आधार स्तम्भको भूमिका निर्वाह गर्न सक्नुपर्ने देखिन्छ। प्रस्तावित शिक्षा विधेयकले केही सम्बोधन गर्ने प्रयास गरे महत्त्वपूर्ण कुराप्रति नतमस्तक देखिन्छ। प्रस्तावित ऐनको दफा ३ मा संविधानबमोजिम विद्यालय तहको स्थापना र सञ्चालन स्थानीय तहले गर्ने भन्ने व्यवस्था गरेको छ। त्यसो गरिए विद्यालयको बचेखुचेको साखसमेत सखाप हुनेछ। यस्तो प्रावधान गरिनुपूर्व स्थानीय तहदेखि सङ्घसम्मकै जनप्रतिनिधिका लागि क्रमशः स्नातक तहदेखि स्नातकोत्तर तहसम्मको शैक्षिक योग्यता तोकिनु पर्दछ। यो अभ्यास पूर्णरूपमा लागू भएमा मात्र केही सम्भव हुन सक्छ। तथापि गैर राजनीतिक संस्कारका कारण यसले मात्र पनि पर्याप्त हुने देखिँदैन। नजिकको तीर्थ हेला भने झैँ जनप्रतिनिधिहरूले शिक्षकहरूको राजनीतिक पृष्ठभूमिका आधारमा उनीहरूको मूल्याङ्कन गर्ने कुरा निश्चित छ। त्यसो गरे शिक्षकले आआफ्ना सङ्घ सङ्गठन तथा माउपार्टी गुहार्ने छन्। अनि सुरु हुनेछ आपसी द्वन्द्व। द्वन्द्वको रङ्ग चुनावमा भोट दिएको नदिएकोसम्मै पुग्ने छ। यो विवादमा अभिभावकसमेत प्रयोग हुने छन् किनभने हाम्रा अभिभावकमा पनि नागरिकभन्दा दलीय चेतना हाबी हुँदै गएको छ। यस्तो तरलतामा हाम्रा विद्यालय केकसरी सञ्चालन होलान् ? यस्तै स्थानीय तह र स्वयं विद्यालयले लिने परीक्षाको वैधतासमेत कत्तिको भरपर्दो हुन्छ भन्ने बारेमा पनि गम्भीर हुन आवश्यक छ।

कक्षा पाँचको परीक्षा स्थानीय तह स्तरीय, आठको जिल्ला स्तरीय र १० को प्रदेश स्तरीय सञ्चालन गर्न आवश्यक देखिन्छ। जिल्ला अन्तर्गतको शिक्षा कार्यालय पुनः सक्रिय बनाएमा जिल्लाका शैक्षिक गतिविधि तथा आधारभूत तह अन्तको परीक्षा जिल्ल स्तरीय बनाउँदा उपयुक्त हुने देखिन्छ। छिमेकी मुलुक भारतमा समेत विद्यालयहरू केन्द्र, प्रदेश र स्थानीय तह मातहतमा सञ्चालित छन्। हामीकहाँ पनि कक्षा एकदेखि पाँचसम्म स्थानीय तहले, छ देखि १० सम्म प्रदेशले तथा ११ र १२ सम्म केन्द्र सरकारले सञ्चालनको जिम्मा पाए आपसी प्रतिस्पर्धाका आधारमा शैक्षिक गुणस्तर कायम गर्न सकिन्छ। यसबारेमा बहस चलाउन आवश्यक देखिन्छ। तर शिक्षकले पाउने सेवा सुविधामा भने एकरूपता हुनै पर्छ।

अर्को कुरा, हजारौँ शिक्षक अहिले पनि राहत, अनुदान कोटा, प्राविधिक धार, साबिकको उच्च मावि आदिमा कार्यरत छन्। गत २४ वर्षदेखि (२०५६ साल) नेपाल सरकारले सरकारी स्तरमा दरबन्दी थप नगर्दा तिनै शिक्षकहरूले अध्यापन गराउँदै आए। तर अहिले उहाँहरूको पक्षपोषण नगरे कहिले गर्ने ? यसबारेमा पनि सोच्न आवश्यक छ। कतिपय शिक्षकहरूले आफ्नो सम्पूर्ण जीवन नै राहत र अनुदान कोटाका नाममा व्यतीत गरेका छन्। उहाँहरूलाई एक पटकका लागि उमेरको हदबन्दी नलाग्ने कुरा र ५० प्रतिशतको मात्र हिस्सा दिएर राज्यले दायित्व पूरा गरेको ठहर्दैन। सकभर सम्भव हुनेसम्मको लचकता देखाउनु नै पर्दछ। शिक्षक, कर्मचारी, सेना, प्रहरी आदि जोकोही भए पनि सबैको सामाजिक प्रतिष्ठामा विभेद हुनु हुँदैन। अझ शिक्षण पेसा जननी पेसा भएका कारण यसको आकर्षणलाई अन्य पेसाभन्दा केही बढोत्तरी गर्नै पर्दछ।

विकसित देशहरूमा अन्य राष्ट्रसेवकहरूले पाउने सेवा सुविधाभन्दा शिक्षकहरूको पारिश्रमिक निकै बढी दिएका उदाहरण छन्। तर हाम्राले यसबारेमा कहिल्यै बुझ्ने प्रयास नै गरेनन्।

नेपालमा शैक्षिक गुणस्तरको खस्कँदो अवस्थाका कारण दिनप्रतिदिन सयौँ विद्यार्थी उच्च शिक्षा अध्ययन गर्न विदेश पलायन हुँदै आएका छन्। यसको अर्थ विद्यालय तहमा शैक्षिक गुणस्तर राम्रो भएर नेपालमै पढेका भने पक्कै हैनन्। साना बालबालिकालाई अभिभावकत्व आवश्यक पर्ने भएकाले मात्र नेपालमा पढाउन बाध्य भएका हुन्। अन्यथा जसरी उच्च शिक्षालयहरू खाली हुने क्रममा छन् त्यस्तै गरी विद्यालयसमेत हुन सक्थे। यसबारेमा पनि प्रस्तावित शिक्षा विधेयकले आवश्यक आयाम समेट्नु पर्ने देखिन्छ।

त्यसमध्यको एउटा हुन सक्छ ट्रेडयुनियन नामका शिक्षक सङ्घ सङ्गठनहरूको बन्ध्याकरण। अहिलेसम्मका गतिविधिलाई हेर्दा तिनीहरू अधिकारमुखी बढी कर्तव्यमुखी कम तथा राजनीतिक दलहरूका भ्रातृ सङ्घ सङ्गठनझैँ स्थापित छन्।

अर्को यथार्थ के हो भने शिक्षकहरूले पाउने सेवासुविधा तथा जीवन निर्माणको सुनिश्चितता भएमा कुनै दल विशेषको झन्डामुनि ओत लागिरहनु पर्दैन। त्यसका अलावा उसले आफ्नो पेसागत विकासका लागि थप प्रयास गर्ने सोच बनाउन सक्छ।

राज्यले शिक्षा क्षेत्रलाई उपेक्षा गरेर आज आफ्नै खुट्टामा बन्चरो बजारे सरह भएको छ। हरेक क्षेत्रमा राज्य असफल हुँदै जानुको मूल कारण ती क्षेत्रमा दक्ष जनशक्तिको अभाव नै हो। हाम्रो राजनीति हेरौँ अस्थिर, संस्कारविहीन, अराजक र भ्रष्ट छ। कर्मचारीतन्त्र पनि राजनीतिक दलहरूकै मतियारभन्दा माथि उठ्न सकेका छैनन्। न्यायालयहरू पनि गैरन्यायिक र भ्रष्ट हुँदै गएका छन्। शिक्षण पेसा झनै दोस्रो दर्जाका नागरिकहरूले अवलम्बन गर्ने पेसासरह ठान्दा दक्ष जनशक्तिको प्रवेश नै प्रायः असम्भव छ। यसरी पेसाहरूको पनि पेसा ठानिएको शिक्षण पेसाको दयनीय अवस्थाका कारण राज्यका सम्पूर्ण अङ्गप्रतिङ्गहरू निस्प्रभावित हुँदै गएको कुरा अब पनि बुझ्न ढिलो गर्न हुन्न। बुझौँ, मनन गरौँ र कार्यान्वयनमा पनि लागौँ। लेखक जयपृथ्वी बहुमुखी क्याम्पस भोपुर, बझाङका उपप्राध्यापक हुन्। रातोपाटीबाट

# छिन्नमस्ता गाउँपालिका बिरुद्ध संघर्षका कार्यक्रमहरु सार्वजनिक




**राजविराज**/नेकपा (एकिकृत समाजवादी) छिन्नमस्ता गाउँपालिका सप्तरीले २१ बुँदे मागप्रति गाउँपालिकाले वेवास्ता गरेको भन्दै संघर्षका कार्यक्रमहरु सार्वजनिक गरेको छ।

गत असार १० गते २१ बुँदे मागहरु सम्मिलित ज्ञापन पत्र बुझाउँदा समेत हालसम्म गाउँपालिकाले सो मागप्रति वेवास्ता गरेको भन्दै संघर्षका कार्यक्रमहरु सार्वजनिक गरेको जनाएको छ।

नेकपा (एकिकृत समाजवादी) छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष सत्यदेव मण्डल र जिल्ला सचिवालय सदस्य एवं अध्यक्षका प्रत्यासी उम्मेदबार जयप्रकाश यादवले मंगलबार पत्रकार सम्मेलनमार्फतसंघर्षका कार्यक्रमहरु सार्वजनिक गरे।

संघर्षका कार्यक्रम अन्तरगत पत्रकार सम्मेलन, असोज ३ गते देखी ९ गतेसम्म प्रतयेक वडामा जनता जागरण तथा भण्डाफोर कार्यक्रम, हसोज १० देखी १६ सम्म विभिन्न राजनीतिक दलहरुसँग सहकार्य एवं समन्वयमा गाउँपालिका केन्द्रित बिरोध कार्यक्रम, असोज १७ देखी २४ सम्म सामाजिक संजाल मार्फत बिरोध तथा हस्ताक्षर संकलन अभियान गरि जिल्ला प्रशासन कार्यालयमा बुझाउने तथा २५ गतेदेखी दोश्रो चरणको सशक्त संघर्षका कार्यक्रमहरु तय गर्ने रहेका छन्।

पत्रकार सम्मेलनमा बितरण गरिएको प्रेस विज्ञप्तिमा चालु आ.ब. २०८०/८१ को कथित गाउँसभाबाट पारित गरिएका निर्णय र योजना तथा कार्यक्रमहरुको विवरण, आ.ब. २०७९/८० को योजना पुस्तिका, खर्चको फाँटबारी, विषयगत शाखा/उपशाखा तथा कृयाकलापहरुको छुट्टाछुट्टै प्रगति विवरण लगायतका मागहरु छन्।

त्यस्तै गाउँपालिका कार्यालयको प्रशासकीय भवन गाउँपालिका अध्यक्षको निजि घरमा के कुन प्रकृयाबाट के कति भाडा दरमा लिइएको तथा गत आ.ब. २०७९/८० मा भुक्तानी हुन नसकेका योजना तथा कार्यक्रमको प्रमाणित विवरण उपलब्ध गराउन लगायत २१ बुँदे मागहरु रहेका छन्।

# साइबर क्राइम

**पृष्ठभूमी**

बर्तमान समय सामाजिक संजालको युग हो। फेसबुक, मेसेन्जर, ह्वाटसएप, भाइबर, ट्वीटर, इमोजस्ता सामाजिक संजालको प्रयोग व्यक्तिले गरिरहेका छन्। सामाजिक संजालले प्रयोगकर्तालाई सहज बनाएको छ। मानिस जुनसुकै देश र स्थानमा रहेपनि प्रत्यक्ष झैं कुराकानी गर्न पाएका छन्। तर, सामाजिक संजालले जति सहजता उत्पन्न भएको छ, त्यत्ति नै यसको दुरुपयोग गरेर अपराध कर्म पनि हुन थालेको छ। जसलाई साइबर अपराध भनिन्छ।

अन्य अपराधभन्दा यसको प्रकृति र शैली बिलकुल फरक छ भने यसको प्रभाव पनि शक्तिशाली र आम रूपमा हुन्छ। विद्युतीय प्रविधिको गलत प्रयोगले निम्त्याउने यो अपराध अन्य अपराधभन्दा भिन्न शैलीको छ। इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, इन्टरनेट फ्रड (धोकाधडी), अर्काको पहिचान अनाधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा एकाउन्ट आदिको चोरी गरी गरिने बैंकिक कसुर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्‍याइने क्षतिलगायत अवैधानिक कार्यलाई पनि विश्वका अधिकांश मुलुकका कानुनले साइबर अपराध मानेको छ।

कम्प्युटर, मोबाइल र इन्टरनेटको प्रयोगमार्फतफेक आइडी बनाउने, सामाजिक सञ्जाल प्रयोग गरी गाली गर्ने, वेभसाइट ह्याक गर्ने, फोटो इडिट गरी स्वरूप परिवर्तन गर्ने, अश्लील फोटो/भिडियो पठाउने, सञ्जालमार्फत जिस्काउने, अपमान गर्ने, कल बाइपास, गैह्र कानूनी इमेल, एसएमएस धम्कीदिने जस्ता कार्य नै साइबर अपराध (क्राइम) हो। त्यस्तै इन्टरनेटको प्रयोग गरी गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, धोकाधडी, क्रेडिट कार्ड तथा एकाउन्ट चोरी, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्याउने क्षति लगायत अवैधानिक कार्यलाई पनि साइबर अपराध मानिन्छ।

**कहाँ र कसरी गर्ने उजुरी ?**

साइबर क्राइमको उजुरी प्रहरी कार्यालयमा दिन सकिन्छ। यद्यपी अपराधका विषयमा उजुरी दिन प्रहरी कार्यालयमै पुग्नुपर्ने व्यवस्था भएपनि साइबर अपराधबारे उजुरी दिन कार्यालयमै पुग्नुपर्छ भन्ने छैन। प्रहरीमा अनलाईनमार्फत् पनि उजुरी वा निवेदन दिन सकिने व्यवस्था गरिएको छ। त्यसको लागि निवेदन टाइप गरी प्रमाणसहित साइबर व्युरोको इमेल आइडीमा उजुरी पठाउन सकिन्छ। प्रमाणको रुपमा स्क्रीन सर्ट, परिचयपत्र, लिंक, भिडियो, अडियो, फोटो लगायत प्रमाण निवेदनसँगै पठाउनुपर्ने हुन्छ। यसबाहेक साइबर व्युरोले उपलब्ध गराएको फोन नम्बरमा घट्नाको बारेमा जानकारी दिई नाम टिपाएर उजुरी गर्न सकिने हुन्छ।

पहिला अन्य अपराधको जसरी साइबर क्राइममा जुनसुकै जिल्ला अदालतमा मुद्दा दर्ता हुने व्यवस्था थिएन्। काठमाडौं जिल्ला अदालतमा मात्र साइबर क्राइमको मुद्दा दर्ता हुन्थ्यो।

५ असार, २०८० मा बसेको मन्त्रीपरिषद् बैठकले सबै जिल्ला अदालतलाई यस्तो अधिकार दिने निर्णय गरेको छ। विद्युतीय कारोबार ऐन, २०६३ को दफा ६० को उपदफा ५ बमोजिम सोही ऐनको परिच्छेद ९ मा उल्लेख भए बमोजिमका कसुरहरूको शुरू कारबाही र किनारा गर्ने अधिकार सबै जिल्ला अदालतलाई दिइने निर्णय गरेको छ।

**कसरी गरिन्छ यसको अनुसन्धान प्रकृया ?**

उजुरी परेपछि प्रहरीले उपलब्ध प्रमाणका आधारमा सुक्ष्म अनुसन्धान शुरु गर्दछ। प्रहरीले साइबर अपराध अनुसन्धान गर्नकै लागि साइबर ब्युरोको स्थापना गरी डिजिटल फरेन्सिक ल्याब सुधारको प्रयास सुरु गरेको छ। अपराधीले कतै न कतै डिजिटल प्रविधि प्रयोग गरेको हुन्छ भने प्रहरी पनि मोवाइलको लोकेसन, कल डिटेल या सामाजिक सञ्जालका क्रियाकलापको चेकजाँच गरी प्रारम्भिक अनुसन्धान शुरु गर्दछ। आरोपित व्यक्ति संलग्नता देखिए निजलाई पक्राउन गरी थप अनुसन्धान प्रकृया अगाडि बढाउँछ र प्रारम्भिक्र अनुसन्धान पश्चात सरकारी वकिलको कार्यालय मार्फत अदालतमा साइबर क्राइमको अभियोग दर्ता हुन्छ। अदालतमा अभियुक्तको बयान तथा पीडितको बकपत्र लगायतका बाँकी अनुसन्धान कार्य पुरा गरी अदालतमा फैसला सुनाउने गर्दछ।

**के छ दण्ड सजायको व्यवस्था ?**

नेपालमा विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ प्रयोग गरेर साइबर अपराधको मुद्दा चलाउने गरिएको छ। अपराध पुष्टि भएमा अपराधको प्रकृति हेरी बढीमा तीन लाख रुपैयासम्म जरिवाना र पाँच बर्षसम्म कैद सजायको व्यवस्था गरिएको छ। अपराधको प्रकृति र कसूरको गाम्भिर्यतालाई हेरेर कैद तथा जरिवाना कम बढी गर्ने स्वविवेकिय अधिकार न्यायाधीशमा रहेको हुन्छ। पीडितलाई पुग्न गएको क्षतिलाई विचार गरेर कसूरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराईदिने व्यवस्था पनि कानूनमा गरिएको छ।

**उजुरी गर्ने म्याद कति हुन्छ ?**

साइबर क्राइम सम्बन्धी कसूर ठहर्ने कुनै कार्य भएमा त्यस्तो कसूर भए गरेको थाहा पाएको मितिले पैतीस दिनभित्र उजुरी गरिसक्नुपर्ने हुन्छ।

**निष्कर्ष:**

जुनसुकै अपराधका दोषी उम्किनुहुँदैन्। पछिल्लो समयमा इन्टरनेटको प्रयोग गरी व्यक्तिको चरित्र हत्या गर्नेदेखि ठगी गर्ने, इमेल र बैंक अकाउण्ट ह्या गरी रकम चोर्नेजस्ता अपराध हुन थालेको छ। साइबर क्राइमबाट पीडित जो सुकैले न्याय पाउनुपर्दछ। अर्को कुरा सामाजिक संजालको प्रयोग कसरी गर्ने भन्नेतर्फ सबै प्रयोगकर्तालाई सचेत रहनु जरुरी छ। आफूलाई पर्न गएको मर्काको सम्बन्धमा उजुरी दिई अपराधीलाई कारवाहीको दायरामा ल्याउन जरुरी देखिन्छ।

**जनहितका लागि : छिन्नमस्ता गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय छिन्नमस्ता, सप्तरी**

# संविधान दिवसको अवसरमा प्रभातफेरी, बिरोधमा कालोपट्टीसहित प्रदर्शन र २०४७ कै संविधान पुर्नस्थापनाको माग










**राजविराज**/संविधान जारी भएको दिन असोज ३ लाई सरकारीस्तरबाट प्रभातफेरी तथा गोष्ठीको आयोजना गरिएको छ भने लोसपाले कालो पट्टी बाधेर संविधानप्रति बिरोध जनाएको छ। त्यस्तै हिन्दुवादी संघसंगठनले २०४७ कै संविधान लागु गर्न प्रदर्शन गरेका छन्।

बुधवार बिहान जिल्ला प्रशासन कार्यालयले राजविराजमा प्रभातफेरीको आयोजना गरेको छ। तीन दिवसीय कार्यक्रम अन्तर्गत अघिल्लो दिन मंगलवार सरसफाई र विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिताको आयोजना गरेको जिल्ला प्रशासन कार्यलयले दोश्रो दिन बुधवार प्रभातफेरी तथा पुरस्कार वितरण लगायतको कार्यक्रम गरेको हो।

स्थानीय गजेन्द्र चोकबाट संविधानको सार, शान्ति सुशासन विकास र समृद्धिको आधार, हक मात्र नखोजौं, कर्तब्य पनि पालना गरौं, संविधानको आधार, तीन तहको सरकार लगायतका नारा लेखिएको प्ले कार्डसहित निस्केको र्‍याली बजार क्षेत्र परिक्रमा पश्चात पुनःसोही स्थानमा पुगी सभामा परिणत भएको थियो।

प्रभातफेरीमा तत्कालिन संविधानसभा सदस्य अशोक कुमार मण्डल (अमर), प्रमुख जिल्ला अधिकारी किरण थापा, नेपाल प्रहरीका प्रहरी उपरिक्षक नरेन्द्र कुमार कार्की, सशस्त्र प्रहरी उपरिक्षक धन बहादुर सिंह, नेपाली सेना बरख गणका गणपती रमेश पाण्डे, जिल्ला समन्वय समितीका प्रमुख शिव नारायण साह, नागरीक समाज सप्तरीका अध्यक्ष थानसिह भन्साली, राष्ट्रिय अनुसन्धानका निर्देशक सुरेन्द्र कोइराला, डिभिजन बन कार्यालयका प्रमुख हेमन्त प्रसाद साह, राजविराज नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत विष्णु गुरुङ्ग, नेपाली काँग्रेसका सचिव सनत मण्डल, नेकपा एकिकृत समाजवादीका अध्यक्ष प्रताप नारायण चौधरीसहित विभिन्न विद्यालयका छात्रछात्राहरुको सहभागिता रहेको थियो।

यस्तै लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा) सप्तरीले २०७२ असोज ३ मा संविधान सभाबाट बहुमतका आधारमा संविधान जारी गर्दा तराई/मधेशका अधिकाँश मुद्दा नसमेटिएको भन्दै विगतका वर्ष झैं यस वर्ष पनि यस दिनलाई कालो दिन भन्दै विरोध प्रदर्शन गरेको छ। स्थानीय पार्टी कार्यालयबाट हात र टाउकोमा कालो पट्टी बाँधेर निस्किएको जुलुश संविधानमा देखिएको त्रुटी सच्याउन र संशोधनका माँग गर्दै बजार क्षेत्र परिक्रमा गरेको थियो।

लोसपाका जिल्ला अध्यक्ष सुनिल कुमार झाको अगुवाइमा निस्केको विरोध प्रर्दशनमा पार्टीका केन्द्रिय नेता जय प्रकाश ठाकुर, दिपेन्द्र चौधरी, गजेन्द्र कुमार मण्डल, अमरकान्त झा, पूर्वसांसद चन्द्रकान्त चौधरी, छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरी, राजविराज नगरपालिकाका निवर्तमान नगर प्रमुख शम्भु प्रसाद यादव, निवर्तमान उपप्रमुख साधना झा, महिला नेतृ रिना झा, प्रदेश कमिटी सदस्य ललन मिश्र, कुवँरनाथ मिश्र, युवा नेता राम सागर मण्डल लगायत ठुलो संख्यामा स्थानीय नेता कार्यकर्ताहरु सहभागि थिए।

यता संविधानको पुर्नलेखन नै हुनु पर्ने अडान राख्दै आएका मधेशको अर्को शक्तीशाली दल जसपा भने मौन रह्यो। सदरमुकाम राजविराजमा सरकारीस्तरबाट गरीएको कार्यक्रममा समेत सहभागी नभएका जसपाका नेताहरु विरोधको पनि न त कुनै कार्यक्रम आयोजना गरे न त सहभागी भए।

यसैगरि नेपालको लागी नेपाली पार्टी, नेपाल पिछडा वर्ग किसान महासंघ तथा श्रीराम हनुमान आराधना मण्डल नेपाल सप्तरीले वर्तमान संविधानलाई कालो संविधानको संज्ञा दिदै २०४७ कै संविधान जारि गरि २०७२ को संविधान खारेजी तथा राजसंस्था सहितको हिन्दु राष्ट्र घोषणाको माग गर्दै प्रर्दशन गरेको छ।

स्थानीय शिव मन्दिरको प्राङ्गनबाट "असोज ३ कालो दिन, २०७२ को संविधान खारेज गर, राज संस्था सहितको हिन्दु राष्ट्र घोषणा गर, गौ हत्या बन्द गर, २०४७ को संविधान पुर्नस्थापना गर लगायतका नाराबाजी गर्दै संयौंको संख्यामा राजवादीहरु नगरको विभिन्न भागको परिक्रमा गरेका थिए।

प्रर्दशनमा गाउँ गाउँबाट आएका साधु सन्त र महिलाहरुको उल्लेख्य सहभागिता देखिन्थ्यो। प्रर्दशन पछि आयोजित विरोध सभामा नेपालका लागी नेपाली पार्टीका संरक्षक किशोरी महतोले वर्तमान संविधान र सरकार पुर्णरुपमा फेल भईसकेको बताए।

सभामा सहभागी वक्ताहरुले राजासहितको हिन्दु राष्ट्र तथा संविधान खारेजीको घोषणा नभए आन्दोलन चर्काउने चेतावनी समेत दिए।

## बालकको डुबेर मृत्यु, अपरिचित व्यक्तिको शव फेला

**राजविराज**/सप्तरीमा भएको दुई छुट्टाछुट्टै घटना एक बालक डुबेर मृत्यु भएको छ भने एक अपरिचित व्यक्तिको शव फेला परेको छ।

जिल्लाको सुरूङ्गा नगरपालिका वडा नं. ४ कदमाहा टोलस्थित माछा पोखरीमा मंगलबार बिहान नाम, थर, वतन नखुलेको अन्दाजी ४०/४५ वर्षका पुरुषको शव फेला परेको हो।

यस्तै गत आइतबार राजविराज नगरपालिका वडा नं. ९ मलेठमा पोखरीमा डुबेर स्थानीय श्रीलाल यादवको घरमा बस्दै आएका सुनसरी कोशी गाउँपालिका ५ दुधगत बस्ने बिन्देश्वर यादवको ८ वर्षीय छोरा आशिष कुमार यादवको पोखरीमा डुबेर मृत्यु भएको हो।

दुबै घटनाबारे प्रहरीले अनुसन्धान गरिरहेको जनाएको छ।


**जनहीतका लागि जारि सन्देश**

## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ं आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुर्‍याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने।

अनुरोधकर्ता : **छिन्नमस्ता गाउँपालिका, सप्तरी**


# अन्तर्राष्ट्रिय समाचार

## खेलकुदको माध्यमबाट शान्ति र एकता प्रवर्द्धन गर्न चिनियाँ राष्ट्रपतिको आह्वान

**हाङझाउ**/चीनका राष्ट्रपति सी चिनफिङले खेलकुदको माध्यमबाट शान्ति र एकता प्रवर्द्धन गर्न चिनियाँ राष्ट्रपतिको आह्वान गर्नुभएको छ।

चीनको हाङझाउमा आयोजित १९औं एसियाली खेलकुद प्रतियोगिताको उद्घाटन समारोहअघि शनिबार आयोजित स्वागत समारोहमा चिनियाँ राष्ट्रपतिले खेलकुदमार्फत शान्ति, एकता र समावेशीता प्रवर्द्धन गर्न आह्वान गर्नुभएको हो।

राष्ट्रसित सीले साझा भविष्य भएका समुदायको सदस्यका रूपमा एसियाली राष्ट्रहरूले असल छिमेकी र पारस्परिक हितलाई प्रवर्द्धन गर्दै शीतयुद्धको मानसिकता त्यागेर विश्व शान्तिका निम्ति योगदान गर्नुपर्नेमा जोड दिनुभयो।

विश्वव्यापी रूपमा मानवजातिले अकल्पनीय चुनौतीहरूको सामना गरिरहेको उल्लेख गर्दै चिनियाा कम्युनिष्ट पार्टीका महासचिव सीले एसियाली जनताले ती चुनौतीहरूलाई पनि ऐतिहासिक अवसरका रुपमा लिएर एकजुट भई सामना गर्नुपर्ने बताउनुभयो। उहाँले साझा विकास, खुलापन र एकताको बाटोमा अघि बढ्नुको विकल्प नभएको उल्लेख गर्नुभयो।

"एसियाली खेलकुदले एकअर्कालाई सांस्कृतिक रुपमासमेत समीप ल्याउँछ र एकअर्कालाई समृद्ध बनाउँछ। एसियाली संस्कृतिबाट एकअर्कालाई सिक्न, बुझ्न र एसियाली सभ्यता अनुभूत गर्न मद्दत पुग्नेछ,"खेलकुदको माध्यमबाट समावेशीता प्रवर्द्धन हुने तथा आपसी विश्वास वृद्धि हुने बताउँदै राष्ट्रपति सीले भन्नुभयो।

यही असोज २१ गतेसम्म सञ्चालन हुने उक्त प्रतियोगितामा अफगानिस्तान, बहराइन, बङ्गलादेश, भूटान, ब्रुनाइ, क्याम्बोडिया, चीन, चाइनिज ताइपेई, हङकङ, भारत, इण्डोनेशिया, इरान, इराक, जापान, जोर्डन, कजाकस्तान, कुवेत, किर्गिस्तान, लाओस, लेबनान, मकाउ, मलेसिया, मालदिभ्स, मङ्गोलिया, म्यान्मा, नेपालसहित ४५ देशले विभिन्न खेलमा प्रतिस्पर्धा गर्नेछन्।

त्यसैगरी प्रतियोगितामा उत्तर कोरिया, ओमान, पाकिस्तान, प्यालेष्टाइन, फिलिपिन्स, कतार, साउदी अरब, सिङ्गापुर, दक्षिण कोरिया, श्रीलङ्का, सिरिया, ताजकिस्तान, थाइल्याण्ड, टिमोर लेत्से, तुर्कमेनिस्तान, संयुक्त अरब इमिरेट्स, उज्वेकिस्तान, भियतनाम र यमनका खेलाडी सहभागी छन्।

अठचालिस देश भएको एशिया महादेशका चार मुलुक युक्रेन, रुस, बेलारुस र इजरायल उक्त प्रतियोगितामा सहभागी छैनन्। अन्तरराष्ट्रिय ओलम्पिकक कमिटी (आइओसी)ले युक्रेनमा रुसले आक्रमण गरेकाले मस्कोविरुद्ध प्रतिबन्ध लगाएको छभने रुसको सहयोगी बेलारुसलाई पनि युक्रेन युद्धमा सघाएकाले आइओसीले प्रतिबन्ध लगाएको हो। धेरै अरब मुलुक उक्त प्रतियोगितमा सहभागी भएकाले विगतदेखि नै इजरायल एसियाली खेलकुद प्रतियोगिताबाट बाहिर रहँदै आएको छ।

एसियाड पनि भनिने यो खेलकुद प्रतियोगिताको आयोजना चीनले तेस्रोपटक गरेको हो। सन् १९९० मा बेइजिङ र सन् २०१० ग्वाङझाउमा एसियाड भएको थियो। कोभिड महामारीका कारण निर्धारित मितिमा हुन नसकेको यो प्रतियोगिताको औपचारिक संस्करण एसियाड २०२२ हो।

एकसट्ठी खेलमा स्पर्धा हुने उक्त प्रतियोगिताअन्तर्गत ५६ स्थानमा खेल हुनेछन् भने चार सय ८१ वटा स्र्णपदकलाई लक्ष्य बनाएर ४८ देशका खेलाडी मैदानमा उत्रेका छन्। औपचारिक रुपमा शनिबार अपराह्न प्रारम्भ हुने एसियाडका क्रिकेट, फुटबल, भलिबल, बिचभलिबललगायत खेल असोज २ गतेदेखि नै भइरहेका छन्। एजेन्सी

## तीस देशका सेनाप्रमुख दिल्लीमा भेला हुँदै

**नयाँदिल्ली**/हिन्द-प्रशान्त क्षेत्रमा शान्ति र स्थायित्व प्रवर्धन गर्ने उद्देश्यले यही असोज ८ देखि १० गतेसम्म भारतको राष्ट्रिय राजधानी नयाँदिल्लीमा यस क्षेत्रका सेना प्रमुखको सम्मेलन हुने भएको छ।

सम्मेलनमा ३० भन्दा बढी देशका प्रधान सेनापतिले भागलिने भारतीय सेनाका अधिकारीहरूले बताएका छन्। उनीहरूका अनुसार सम्मेलनको मुख्य उद्देश्य हिन्द-प्रशान्त क्षेत्रका मुलुकबीच साझेदारी एवं सहकार्य, विचार आदानप्रदान र आपसी समझदारी विकास गर्नु हो। सम्मेलनमा आपसी हित र सुरक्षा चासोका विषयमा छलफल हुनेछ।

आपसी समझदारी, सुरक्षासँग सम्बन्धित सबै विषयमा विचार एवं आपराधिक/आतङ्कवादी गतिविधि बारे नदिन सूचना आदानप्रदान, यस क्षेत्रमा शान्ति एवं स्थायित्व प्रवर्द्धन, आपसी समझदारी र संवादको प्रक्रियालाई निरन्तररुपमा अघि बढाउन सम्मेलन महत्वपूर्ण हुने भारतीय सेनाले जनाएको छ।

सम्मेलनमा अमेरिका, फ्रान्स र बेलायतलगायत देशका प्रधान सेनापति एवं तिनका प्रतिनिधिले भाग लिने भारतीय सेनाले जारी गरेको विज्ञप्तिमा जनाइएको छ। एजेन्सी

# छिन्नमस्ता देवीको मूर्तीमा पुरानै मुकुट लगाइयो



**राजविराज**/सप्तरीको छिन्नमस्ता भगवती मन्दिरमा रहेको देवीको मूर्तीमा क्षमा पूजा गरेर शुक्रबार पुरानै मुकुट लगाइएको छ ।

छिन्नमस्ता भगवती मन्दिरकी देवीको एक किलो ५० ग्राम तौल भएको पुरानो मुकुटलाई झिकेर बिहीबार छिन्नमस्ता भगवती मन्दिर समितिले दाता परिवारसमेतको नाम लेखिएको नयाँ मुकुट जडान गरिएपछि सर्वत्र बिरोध सुरु भएको थियो ।

छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरीले गाउँपालिकाकै पहलमा पुरानो मुकुटलाई सुन्दरता प्रदान गरि शुक्रबार बिहान मन्दिरमा पुर्नस्थापित गरिएको बताए ।

उनले आफूलाई जानकारी समेत नदिई एकतर्फी ढंगले मन्दिर समितिले मुकुट हेरफेर गरेको भन्दै आक्रोस पोखे । उक्त कार्यलाई तत्कालै सच्याउन समितिलाई कडा निर्देशन समेत दिएको उनले बताए ।

मुलुककै प्रसिद्ध शक्तिपीठ मध्येका एक छिन्नमस्ता मन्दिरको समितिले मूर्तीको स्वरुप परिवर्तन गरि लाखौं श्रद्धालुको आस्थासँग खेलवाड गरेको भन्दै स्थानीय समेतले चर्को बिरोध गरेका थिए ।

दाता परिवारका कृष्ण मुरारी प्याकुरेल, गोपीराज प्याकुरेल, राधा प्याकुरेल र शंकर प्याकुलेर गरि चार जनाको नाम कुँदेर भगवतीको मुर्तीमा नयाँ मुकुट जडान गरिएको छ । नयाँ मुकुटको तौल एक किलो २ सय ५० ग्राम रहेको छ ।

मन्दिरका पीठाधिश महाकान्त ठाकुरले पुराना मुकुटमा चिरा परेका कारण दाता पक्षकै अनुरोधमा नयाँ मुकुट जडान गरिएको बताए । यद्दपी यसको व्यापक बिरोध भएकाले क्षमा पूजासहित पुरानै मुकुट लगाइएको उनले जानकारी दिएका छन् ।

# भगवती मन्दिर पोखरीको सरसफाई



**राजविराज**/राजविराजस्थित भगवती मन्दिर पोखरीको सरसफाई गरिएको छ । वडा नं. ७ स्थित धार्मिक एवं ऐतिहासिक भगवती मन्दिर पोखरीको मंगलबारदेखी सरसफाई थालिएको हो ।

राजविराज नगरपालिकाको अगुवाईमा धार्मिक महत्वको पोखरी आवश्यक सरसफाई अभियान थालिएको हो ।

यस अभियानमा जनप्रतिनिधि, नेपाली सेनाको बरख गण, सशस्त्र र नेपाल प्रहरीले समेतले सघाएका छन् । अभियानको पहिलो दिन झारपात र स्थानीयहरुले फालेको गरी १५ ट्रयाक्टर जति फोहर निकालिएको छ ।

राजविराज नगरपालिकाकी कार्यवाहक नगर प्रमुख इसरत परवीनले नजिकिएको दशै, तिहार तथा छठ पर्वलाई समेत लक्षित गरी अभियान थालिएको बताईन । यस पटक पुर्ण सफाई तथा ऐतिहासिक पोखरीलाई नयाँ स्वरुप दिने लक्ष्यका साथ अभियान थालिएको उनको भनाई छ ।

सफाई अभियानमा नगरपालिकाका कर्मचारी, स्थानीयदेखि नेपाल तथा सशस्त्र प्रहरी र नेपाली सेनाको पनि सहभागिता रहेको प्रमुख प्रशासकिय अधिकृत विष्णु प्रसाद गुरुङ्गले जानकारी दिए । जलाशयमा उत्रेर दुषित पोखरी सफाईमा आफै पनि जुटेका उनले पोखरीको नियमित सरसफाई र संरक्षणमा सबैले सहयोग गर्नु पर्ने बताए ।

सरसफाई अभियानमा प्रमुख जिल्ला अधिकारी किरण थापा, नागरिक समाज सप्तरीका अध्यक्ष थानसिह भन्साली, सशस्त्र प्रहरीका डिएसपी मोहन विष्ट, राजविराज नगरपालिकाका निलम्बीत मेयर भिमराज यादव, नगरपालिका स्वास्थ्य शाखा प्रमुख निरंजन यादव, समाजिक विकास अधिकृत मनोज यादव, पत्रकार अधिकारकर्मी समेत सहभागी छन् ।

नगरको मुख्य स्थानमा अवस्थित उक्त पोखरीमा छठपर्व लगायत विभिन्न धार्मिक कार्यक्रमको अवसरमा पूजाविधी हुने गरेको छ । उक्त पोखरीको पुर्ण सरसफाई तथा सौन्दर्यको काम सम्पन्न गर्न सकिए राजविराज नगरपालिकाको मुख्य वस्तीका हजारौं जनता लाभान्वित हुने विश्वास गरिएको छ ।

# सहकारी संस्थामा आगलागि हुँदा लाखौंको क्षति

**राजविराज**/राजविराजस्थित प्रभु बचत तथा ऋण सहकारी संस्थामा बुधबार राती आगलागि हुँदा १० लाख मुल्य बराबरको सम्पत्ति नष्ट भएको छ ।

राजविराज ४ स्थित सो संस्थामा विद्युत सर्ट भई आगलागिहुँदा फर्निचर, कम्प्युटर, एसी, ल्यापटप, पंखा, प्रिन्टिर लगायतका सामाग्रि जलेर करिब १० लाख बराबरको क्षति भएको प्रहरीको प्रारम्भिक अनुमान छ ।


संस्थाका ब्यवस्थापक राजकुमार साहले आफू अबेर रातीसम्म संस्थाको काम सकाएर घर फर्किएको तथा बिहान फर्केर आउँदा मात्र आगलागि भएको थाहा पाएको बताए । उनले आगलागिबाट संस्थाका केही महत्वपूर्ण कागजातहरु समेत जलेर खरानी भएको बताए ।

विद्युत सर्ट भई अचानक आगलागि भएको अनुमान गरिएको छ । आगलागिबारे जानकारी प्राप्त भएपछि पुगेको प्रहरी टोलीले उक्त घटना बारे आवश्यक अनुसन्धान भइरहेको जनाएको छ ।

## पाठेघरको मुखको...

यही भदौ २७ गते सात प्रदेशका सातवटै अस्पतालबाट १४ वर्ष उमेर पूरा भई १५ वर्ष नकटेका किशोरीलाई पाठेघरको मुखमा हुने क्यान्सरबाट बचाउनका लागि एचपिभी खोप 'डेमोस्ट्रेसन'का रूपमा सञ्चालन गरिएको छ । खोपको पहिलो मात्रा अहिले दिइने र छ महिनापछि दोस्रो मात्रा दिइनेछ ।

जन्म
15-5-1936



वैकुण्ठवास
15-9-2023

स्व. श्री मानमल जी काबरा
(राजविराज, नेपाल)

बड़े दुख के साथ सूचित करना पड़ रहा है कि हमारे पूजनीय मानमल जी काबरा का स्वर्गवास दिनांक **15-9-2023**, शुक्रवार को हो गया है।

बैठक:- दिनांक **19/9/2023** से **24/9/2023** दोपहर **1** बजे से **4** बजे तक होगी।
स्थान- निज निवास, राजविराज ।
द्वादशा:- दिनांक **26/9/2023** मंगलवार सुबह **11** बजे होगा।

रस्मपगडी शाम **4** बजे सम्पन्न होगी।

प्रतिष्ठान:-
जनता डिस्पेंसरी
राजबिराज, नेपाल
मो-**+9779817705238**
**+9779801511432**
**+9779811766444**

शोकाकुल:-
सुशील-शारदा काबरा ( पुत्र -पुत्रवधु)
राधा काबरा (पुत्रवधू)
गीतेश-पूजा,
उज्जवल-ऊषा,
बिक्रम-माधुरी (पौत्र-पौत्रवधू)
कान्ता- नन्दू राठी,
प्रेमलता-रतन बिहानी (पुत्री-दामाद)
रेनू-सुदीप जी(पौत्री-दामाद)
दक्ष, अक्षज (पड़पौत्र)
एवं समस्त काबरा परिवार

**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
prabhu Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*